ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# बालबालिकाको मातृभाषामा शिक्षा

डा. ईश्वरकुमार राई

सुकुना बहुमुखी क्याम्पस

bhojpureishor@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77314

**लेखसार**

प्रस्तुत लेख मातृभाषाको आवश्यकताको विश्लेषणमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धानका ढाँचामा आधारित रही तयार पारिएको यस लेखमा स्थलगत अध्ययन तथा पुस्तकालयीय स्रोतका सामग्रीहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । कक्षाकोठामा विविध मातृभाषी समुदायका बालबालिकाहरू आउँछन् । आफ्नो मातृभाषाको प्रभावका कारण प्रायः उनीहरू धेरैले नेपाली भाषामा बारम्बार त्रुटिहरू गरिरहन्छन् । बोलाइ र लेखाइमा अशुद्ध रूपको प्रयोग गर्छन् । यसमा शिक्षकले विद्यार्थीहरूलाई मात्र एकतर्फी रूपमा कमजोर ठान्छन्; परीक्षामा विद्यार्थीहरू असफल हुन्छन् । यथार्थमा विद्यार्थीहरू विद्यार्थीहरू जान्दैनजान्ने अर्थात् कमजोर कहिल्यै हुँदैनन् । उनीहरूको सिकाइप्रवृत्तिका बारेमा शिक्षक स्वयम् जानकार हुन नसक्दा यो समस्या आएको देखिन्छ । यही कारणले यस लेखमा बालबालिकालाई कुन माध्यम भाषाका माध्यमबाट शिक्षा दिनु उपयुक्त हुन्छ भन्ने समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरूको प्रयोग गरिएको यस लेखमा विद्यार्थीहरूले दोस्रा भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्दा कुनै विषयको अध्ययन त्यसमा कमजोर हुने भएकाले प्रारम्भिक शिक्षा मातृभाषामा नै दिनुपर्छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी :* उपलब्धि, त्रुटि निराकरण, माध्यम भाषा, सिकाइ ।

## विषयप्रवेश

संसारमा बोलिने हरेक भाषाहरू एकआपसमा भिन्न छन् तर आफैँमा पूर्ण छन् । यसैलाई भाषिक विशिष्टता भनिन्छ । भाषिक विशिष्टताले सामाजिक संरचनामा पनि फरक पार्न सक्छ । समाजमा भाषा प्रयोगको अवस्थालाई नियाल्दा यो तथ्य सजिलै पत्ता लगाउन सकिन्छ । विद्यालयमा विद्यार्थीहरूले प्रयोग गर्ने भाषाका आधारमा उनीहरूको सामाजिक–भाषिक पृष्ठभूमि थाहा पाउन सकिन्छ । यी विषयहरू समाजभाषावैज्ञानिक अध्ययनसँग सम्बन्धित छन् । नेपालको संविधान २०७२ ले नेपाल राष्ट्रलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र (धारा ३) को रूपमा स्वीकार गरेको छ । शिक्षासम्बन्धी हकमा 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ' (धारा ३१.५) भन्ने कुरा उल्लेख गरिएको छ । शिक्षा ऐन २०२८ नवौँ संशोधन २०७४ को दफा ७ उपदफा २ (क)अनुसार प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने प्रावधान रहेको छ । वर्तमान विद्यालय पाठ्यक्रममा कक्षा १ देखि ८ सम्म स्थानीय विषय वा मातृभाषा पठनपाठन गर्न सकिने व्यवस्था छ । यसरी संवैधानिक एवं नीतिगत रूपमा विद्यालय तहको शिक्षा मातृभाषामा दिनु पर्ने कुरामा जोड दिइएको भए तापनि कार्यान्वयन पक्ष अति नै कमजोर देखिन्छ । अतः मातृभाषामा नै पठनपाठनको व्यवस्था गर्नु किन आवश्यक छ भन्ने समस्यामा केन्द्रित रही यो लेख

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
तयार पारिएको हुनाले यसै समस्याको प्राज्ञिक समाधान गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । यसका लागि आवश्यक सामग्रीहरूको खोजी गरी यस लेखलाई पूर्णता दिइएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय र क्षेत्रीय अध्ययनमार्फत् सामग्री जुटाइएको छ । यसमा भाषिक तथ्याङ्क सङ्कलन गर्न लेखकको आफ्नै भाषिक ज्ञानका साथै पुस्तकालयीय स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ । यसमा प्रयोग गरिएका केही सामग्रीहरू प्राथमिक स्रोत र केही चाहिँ द्वितीयक स्रोतमा आधारित रहेका छन् । यहाँ पुस्तकालयीय कार्यअन्तर्गतका शोधग्रन्थहरू, लेख रचनाहरू, शब्दकोशहरू, दस्तावेजहरू, पत्रपत्रिका तथा अन्य सन्दर्भस्रोतहरूबाट लिइएका सामग्रीहरू चाहिँ द्वितीयक स्रोतमा आधारित रहेका छन् । यस अध्ययनमा सामग्री विश्लेषण गर्दा वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यो अध्ययन तुलनात्मक ढाँचामा आधारित रहेको छ ।

## नतिजा र विमर्श

बालबालिकालाई आफ्नै मातृभाषामा शिक्षा दिने हो भने उनीहरूले सहज रूपमा रुचिपूर्ण तरिकाले ज्ञान आर्जन गर्न सक्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । तथ्यहरूलाई आधार बनाउँदा निम्नअनुसारका कारणहरूले गर्दा मातृभाषामा शिक्षा दिनु उपयुक्त देखिन्छ :

### बालमैत्रीपूर्ण शिक्षण सिकाइ वातावरण सिर्जना गर्न

शिक्षा जुनसुकै प्रकृतिको होस्; यसमा विषय पनि जुनसुकै होस् त्यो भाषाको माध्यमबाट नै सिकिन्छ र सिकाइन्छ । विद्यार्थीहरूले सिकाइको माध्यम भाषा बुझ्न सकेनन् भने शिक्षा आर्जन नै गर्न सक्दैनन् । यस्तो स्थितिमा उनीहरूका लागि सहज सिकाइको वातावरण नै बन्न सक्दैन जसले गर्दा शिक्षण सिकाइ निरस हुन्छ । यहाँ एउटा सन्दर्भ प्रस्तुत गरिएको छ :

> मेरो घर सप्तरीको राजविराज नजिकै राजगढ गा. पा. वडा नं. ५ मा पर्छ । म यहाँ आउँदादेखि नै ९९ प्रतिशत बान्तावा मातृभाषी विद्यार्थीहरूको उपस्थिति रहिआएको छ । मेरो मातृभाषा मैथिली हो र विद्यार्थीहरूको बान्तावा । शिक्षण पेसामा प्रवेश गर्नुभन्दा अघि म नेपाली भाषालाई दोस्रो भाषाको रूपमा पनि अत्यन्त कम प्रयोग गर्ने मान्छे । विद्यालयमा कठिनाइपूर्वक नेपाली बोल्थेँ र सोही भाषामा गणित विषय पढाउँथे । विद्यार्थीहरू नेपाली बुझ्दैनथे; म पनि राम्ररी बुझाउन सक्दिनथेँ । विद्यार्थीहरूसँग घुलमिल हुने क्रममा मैले ४–५ पाँच वर्षको बिचमा बान्तावा भाषा सिकेँ, उनीहरूसँग बोल्न थालेँ र उनीहरूको समस्या पनि बुझ्न थालेँ । यसपछि भने मलाई शिक्षणमा कुनै समस्या भएन । ...शिक्षक भएपछि बालबालिकाको भावना बुझ्नैका लागि भए पनि उनीहरूको मातृभाषा जान्नु आवश्यक छ । (राई, २०७७, पृ. ३५७)

माथिको भनाइ गोलखाडी मा. वि. महाभारत, धनकुटामा कार्यरत प्राथमिक तहका शिक्षक तेतरप्रसाद साहको हो । यस सन्दर्भले के पुष्टि गर्दछ भने विद्यालयमा शिक्षकद्वारा सञ्चालन गरिने शिक्षण क्रियाकलापका लागि पहिलो सर्त नै भाषिक सञ्चार हो । शिक्षक विद्यार्थीका बिच भाषिक सञ्चार भएन भने सिकाइका लागि बालमैत्री वातावरण नै तयार हुँदैन । शिक्षण कार्यलाई प्रभावकारी बनाउन शिक्षकले बालबालिकाहरूको भाषिक–सांस्कृतिक पृष्ठभूमि बुझेर

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
उनीहरूको मातृभाषाप्रति सकारात्मक धारणा राखी शिक्षण गर्नु आवश्यक देखिन्छ । यसरी बालमैत्रीपूर्ण वातावरण सिर्जना गर्न सकेमा मात्र शिक्षण सिकाइ प्रभावकारी बन्दछ । यहाँ अर्को सन्दर्भ प्रस्तुत गरिएको छ :

> १९८० ताका राणाजीहरूसँग फरियाको नाता जोडिएका भाइभारदारहरूमा राणाजीहरूकै देखासिकी गर्ने हावा खुब लागेको थियो । अङ्ग्रेजी भाषाको विश्वव्यापी लहर र देखासिकीकै लागि भए पनि आफ्नै खर्चमा छोरानातिलाई दरबार स्कुलमा पढाउँथे । धेरैजसो काठमाडौँका मध्यम वर्गका नेवार, छेत्री र बाहुनका छोराहरू पढ्थे । काठमाडौँ खाल्डोमा जन्मेहुर्केका कतिपय नेवार विद्यार्थीहरूलाई त अङ्ग्रेजी, हिन्दीका साथै पर्वते भाषा पनि बिरानो जस्तै थियो । क्लासमा मास्टर साहेबले एलिफेन्ट माने हात्ती भनेर मात्र उनीहरूलाई पुग्दैनथ्यो, कतिलाई त नेवारे भाषामा 'किसी' (हात्ती) पनि भनिदिनु पर्दथ्यो अङ्ग्रेजी भाषाको सही अर्थ बुझाउनलाई । निकै पाठ्यपुस्तक हिन्दी भाषामा पनि थिए । (सरदार भीमबहादुर पाँडे, शिक्षक मासिक, फागुन २०७३, पृ. २०–२१)

आफ्नो मातृभाषामा नभई दोस्रो भाषा नेपाली र तेस्रो भाषा अङ्ग्रेजीमा शिक्षण सिकाइ क्रियाकलाप हुँदा बालबालिकाहरूले निक्कै कठिन महसुस गरिरहेका हुन्छन् । बालबालिकाले मातृभाषामा बाख्रा, माछा, ढुङ्गा, हात्ती, गाई आदि परिचित वस्तुहरूको बारेमा बुझेपछि अन्य भाषामा यी वस्तुहरूको अनुवाद भए पुग्ने; छुट्टै अवधारणा दिइरहनु नपर्ने र आफ्नो मातृभाषामा एक पटक बुझेपछि त्यो सिकाइलाई अन्य भाषामा सजिलै स्थानान्तरण गर्नसक्ने भएकाले अमूर्त धारणा वा वस्तुहरूका बारेमा पनि आफ्नो मातृभाषामा दक्षता हासिल गरेपछि त्यसलाई सहज रूपले नेपाली वा अङ्ग्रेजी भाषामा बुझ्न सक्छन् । नेपाली वा अङ्ग्रेजी भाषामा दक्षता हासिल गरी द्विभाषिक भइसकेपछि अन्य भाषाको सिकाइ छिटो र सरल हुन्छ । यसरी बालबालिकाको बौद्धिक एवं भाषिक क्षमता अभिवृद्धिका लागि मातृभाषामा शिक्षण प्रभावकारी हुने देखिन्छ ।

> बालबालिकाको स्वभाव के हुन्छ भने उनीहरूको नजिकको कुरा, जानेको कुरा, देखिआएको कुराबाट शिक्षण सिकाइ गरियो भने उनीहरूका लागि त्यो प्रभावकारी हुन्छ । उनीहरू रमाई–रमाई, खुशी भई ती कुराहरू सुन्न, जान्न तयार हुन्छन् तर एकैचोटी नयाँ कुरा, नदेखेको कुरा, नसुनेको कुरा सुनाइरहँदा त्यो कक्षा प्रभावकारी हुँदैन । (बहुभाषिक शिक्षा, २०६८, पृ. ५१)

वास्तवमा प्रारम्भिक कक्षाका बालबालिकाहरूलाई उनीहरूले सजिलै बुझ्न सक्ने भाषामा सिकाउनु पर्छ जुन मातृभाषा हो । विश्वव्यापीकरणको युगमा प्रतिस्पर्धा गर्न अङ्ग्रेजी भाषा जान्न आवश्यक छ । यसको अर्थ पूर्वप्राथमिक कक्षादेखि नै अङ्ग्रेजी माध्यमबाट सिकाउनु पर्छ भन्ने होइन । बालबालिकाहरूलाई साना कक्षामा स्थानीय मातृभाषामा र माथिल्ला कक्षामा अङ्ग्रेजी, नेपाली वा अन्य कुनै सम्पर्क भाषामा सिकाइको अवसर दिन सकिन्छ । यसो भएमा विद्यार्थीहरूको उमेरसँगै मानसिक र भाषिक विकास बढ्दै जान्छ र उनीहरूले जुनसुकै भाषाका विषयवस्तु सजिलै बुझ्न सक्छन् (पौडेल, गोरखापत्र, १२ वैशाख, २०७६, पृ. ५) । यसरी सहज रूपमा शिक्षण क्रियाकलाप सञ्चालन गर्नका लागि बालबालिकाहरूलाई उनीहरूको मातृभाषामा पठनपाठनको व्यवस्था गरिनु पर्दछ ।

घरमा मातृभाषा सिकिसकेका बालबालिकाहरूलाई विद्यालयमा पनि सोही भाषाको माध्यमबाट पढाइ र लेखाइ सिप सिकाउन प्राकृतिक रूपमा नै सहज हुन्छ । पढाएको कुरा बालबालिकाहरूले चाँडै सिक्छन् । नेपाली भाषामा पढ्दा गैरनेपाली मातृभाषी बालबालिकाहरू अनुत्तीर्ण र ड्रपआउट हुने जस्ता समस्याहरू बढी नै देखा पर्दछ । "बालबालिकाहरूले घरमा बोल्ने आफ्नो मातृभाषाको माध्यमबाटै विद्यालयमा पनि पढ्न लेख्न पाउनु उनीहरूको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

भाषिक अधिकारको कुरा हो । यसो गर्‍यो भने उक्त बालबालिकाहरूले दोस्रो भाषामा भन्दा आफ्नो मातृभाषाबाटै कक्षामा राम्ररी सिक्न सक्छन्" (बहुभाषिक शिक्षा, २०६८, पृ. १९) । यसरी बालमैत्रीपूर्ण वातावरण निर्माण गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि मातृभाषामा पठनपाठन गराउनु पर्ने आवश्यकता देखिन्छ ।

**नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन**

मातृभाषी वातावरणमा हुर्केका बालबालिकाहरूले सुरुका दिनहरूमा विद्यालयमा पनि त्यस्तै भाषिक वातावरणको खोजी गर्दछ । आफूले बोल्ने भाषामा नै अरू कसैले बोलाए पनि उनीहरू झट्ट नबोलिहाल्ने वा बोल्न हिच्किचाउने स्वभावका हुन्छन् । यस्तो अवस्थामा उनीहरूले विद्यालयको नौलो वातावरण अनि एक्कासी अपरिचित भाषामा आफूलाई समायोजन नै गराउन सक्दैनन् । आफूले जानेको भाषाबाटै शिक्षण भएमा मात्र उनीहरूले केही न केही धारणा बसाउन सक्छन् र बिस्तारै नेपाली भाषामा पनि त्यसलाई रूपान्तरण गरेर सिक्छन् तर शिक्षाको माध्यम भाषा नेपाली हो; नेपाली भाषाबाटै शिक्षण गरिनु पर्छ भन्ने नीति तथा सिद्धान्तले मात्र नेपाली भाषा सिकाइ सरल र सहज हुँदैन । बालबालिकाको आफ्नो मातृभाषामा पढाइ हुँदा बिस्तारै नेपाली भाषाको बोलचालमा पनि अभ्यास हुने र यसले स्तरीय नेपाली भाषा शिक्षण सिकाइमा समेत सहयोग पुग्ने देखिन्छ ।

> खाम मातृभाषी विद्यार्थीहरूलाई कक्षामा नेपाली बुझाउन निकै हम्मे पर्‍यो । बोल्नै नजानेपछि पढाउनै समस्या भयो । बर्षौंदेखिको यो अप्ठेरो फुकाउन विद्यालयले दुवै भाषामा पढाउन थाल्यो । भूमे गाउँपालिका–२, गवाङ्का धोका बुढा स्थानीय हिमालय आधारभूत विद्यालयमा कक्षा २ मा पढ्छन् । उनी नेपाली र खाम भाषा पढिरहेका छन् । सिद्धचौर मा. वि., भूमे–१ का कक्षा ३ की निशा पुन पनि दुई भाषामै पढिरहेकी छिन् । खाम उनीहरूको मातृभाषा हो । धोका र निशा जस्तै भूमे गाउँपालिका क्षेत्रका १२ विद्यालयका १ हजार १ सयभन्दा बढी सङ्ख्यामा मगर समुदायका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूले विगत ५ वर्षदेखि दुई भाषामा पढिरहेका छन् । कक्षा १ मा पहिलो पटक खाम र नेपाली भाषामा पढेकाहरू यस वर्ष ५ कक्षामा पुगेका छन् । 'खामभाषी बालबालिकालाई नेपाली बुझाउन सजिलो होस् भनेर बहुभाषा शिक्षण थालेका हौँ' त्रिवेणी मा. वि. का प्रधानाध्यापक मदन शर्माले भने । १ देखि ५ कक्षाका सबै विषयवस्तुलाई खाम भाषामा रूपान्तरण गरिएको छ । खामसँगसँगै नेपाली पनि राखेर पाठ्यपुस्तक तयार पारिएकाले खामभाषी विद्यार्थीहरूलाई पढ्न र बुझ्न सजिलो भएको स्थानीय खामभाषी शिक्षक सुनप्रसाद बुढामगरले बताए । कक्षा १ देखि ३ सम्म मातृभाषा खाम ८० प्रतिशत र नेपाली २० प्रतिशत, कक्षा ४–५ मा ८० प्रतिशत नेपाली र २० प्रतिशत खाम भाषामा पढाउने गरी पाठ्यपुस्तक तयार पारिएको कुरा मातृभाषामा आधारित बहुभाषा शिक्षाका कार्यक्रम संयोजक मुकुन्द पुनमगरले बताए । खामसँगसँगै नेपाली भाषामा पढाउन थालेपछि विद्यार्थीको बुझ्ने क्षमता अभिवृद्धि भई सिकाइ उपलब्धि समेत बढेको उनको दावी छ । नेपाली भाषामा मात्रै रहेको पाठ्यपुस्तकबाट पढाउँदा खामभाषी विद्यार्थीलाई बुझ्न कठिन भएकाले खाम भाषामै पाठ्यपुस्तक तयार पारेर पठनपाठन गराउँदा विद्यार्थीले सजिलै र छिटो बुझ्ने गरेको उनले बताए । नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र र मिक नेपालले युनाइटेड मिसन टु रुकुम क्लस्टरको आर्थिक सहयोगमा नेपाली भाषाका पाठ्यपुस्तकलाई खाम भाषामा रूपान्तरण गरेको छ । (कान्तिपुर दैनिक, २५ मङ्सिर, २०७५, पृ. १–२)

माथिको सन्दर्भले नेपाली भाषा सिकाइका लागि सहज वातावरण सिर्जना गर्न पनि सुरुका कक्षाहरूमा बालबालिकाको मातृभाषामा पठनपाठन गराउनु पर्ने कुरा प्रस्ट पार्दछ । आफ्नो मातृभाषामा अभ्यस्त भइसकेका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

बालबालिकाहरूलाई जबरजस्त रूपमा एकैचोटि दोस्रो भाषामा शिक्षण गर्नु ज्यादै कठिन हुन्छ । यस सम्बन्धमा अर्को सन्दर्भलाई पनि यहाँ प्रस्तुत गरिएको छ :

> सरकारी कामकाजका लागि खस नेपाली भाषा प्रयोग गरिन्छ तापनि व्यावहारिक प्रयोगमा किरात बान्तावा भाषाको बढी प्रचलन छ । बान्तावा भाषाको प्रयोग र प्रभावका कारण थुप्रै गैरकिरातीहरूले पनि यही भाषा नै प्रयोग गर्ने गरेको पाइन्छ । नीतिगत हिसाबले हेर्दा खस नेपाली भाषालाई अनिवार्य गराउन खोजे पनि व्यावहारिकतामा बान्तावा भाषाले प्रथम स्थान लिएको छ । विद्यालयमा अनिवार्य विषयका रूपमा अङ्ग्रेजी र नेपाली भाषा राखिएका छन् । तिनलाई कक्षाकोठामा बान्तावा भाषाका जिब्राले पढ्छन् तर कक्षाबाहिर आएपछि अङ्ग्रेजी र नेपालीको प्रयोग नगरी उही मातृजिब्रो फट्कार्दै बान्तावा बोल्छन् । यसर्थ यस क्षेत्रका आदिवासी जनजातिहरूले खस नेपाली भाषा प्रस्ट बोल्न नसक्नुलाई स्वाभाविक मान्नु पर्छ । (राई र राई २०६६, पृ. ७)

माथिको सन्दर्भ सघन रूपमा बान्तावा मातृभाषीहरू बसोबास गर्ने नेपालको पूर्वी क्षेत्रको हो । जुन क्षेत्रका विद्यालयहरूमा बान्तावा मातृभाषी विद्यार्थीहरूको सङ्ख्या अधिक छ । विद्यालयमा उनीहरूले नेपाली र अङ्ग्रेजी विषय अनिवार्य रूपमा पढ्नु पर्छ तर वरपरको भाषिक वातावरण भने पूर्णतः बान्तावाको छ जसले गर्दा उनीहरूलाई नेपाली र अङ्ग्रेजी सिक्न निकै कठिन भइरहेको छ । नेपाली भाषा शिक्षणको क्षेत्रमा नेपालीइतर मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषाको शुद्ध रूप सिक्न र सिकाउन नसक्नुको एउटा प्रमुख कारण पनि यही नै हो । मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको प्रयोगमा विभिन्न क्षेत्रमा त्रुटिहरू गरिरहेका हुन्छन् । आफ्नो मातृभाषाको प्रभावले विद्यालयमा शिक्षणको माध्यम भाषालाई शुद्ध रूपमा ग्रहण गर्न सकिरहेका हुँदैनन्, जस्तै  राई बान्तावा भाषामा लिङ्गअनुसार क्रियाको रूपायन नहुने भएकाले राई बान्तावा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषामा पनि लिङ्गभेद गर्दैनन् । यस्तो व्यवस्थाले स्तरीय नेपाली भाषा सिकाइमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । भाषाविद् टङ्कप्रसाद न्यौपानेकाअनुसार नेवारी भाषामा ‘त्’ र ‘ट्’ वर्णमा व्यतिरेकी हुँदैन । कहिले दन्त्य र कहिले दन्तमूलीय उच्चारण गर्छन्; स्पष्ट बोल्दैनन् अर्थात् नेवारीमा ‘त्, थ्, द्, ध्’ र ‘ट्, ठ्, ड्, ढ्’ वर्णमा भेद छैन । यसले गर्दा नेवारी मातृभाषी विद्यार्थीहरूले नेपालीको ‘त्’ र ‘ट्’ वर्गका शब्द उच्चारण गर्दा स्वाभाविक रूपमा त्रुटि हुन्छ । यस्तो अवस्थामा नेपाली भाषाका शिक्षकहरूले सामाजिक–भाषिक पृष्ठभूमिको अध्ययन नै नगरी एकतर्फी रूपमा विद्यार्थीलाई मात्र कमजोर ठान्ने गरेको पाइन्छ । दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता नै नबुझेका–नसुनेका तथाकथित शिक्षाविद्हरूको कारणले पनि गैरनेपाली मातृभाषी विद्यार्थीहरूमा घोर अन्याय भएको देखिन्छ । अङ्ग्रेजीमा एउटा उखान छ– The weaner knows where the sloes piches अर्थात् ‘बियाउने गाईले मात्र थाहा पाउँछ, चियाउनेले थाहा पाउँदैन’ भनेझैँ भएको छ । यी कुराहरूमा सुधार गरी विद्यार्थीहरूको सामाजिक–सांस्कृतिक परिवेश र मातृभाषाको संरचनागत व्यवस्थाले पार्ने प्रभावको अध्ययन विश्लेषण गरेर नेपाली भाषा शिक्षण गर्नु पर्दछ । यसका लागि नेपाली विषयका शिक्षकहरूमा भाषा शिक्षणका आधारभूत सिद्धान्तहरूको जानकारी हुन आवश्यक छ । आधारभूत तहका कक्षाहरूमा बालबालिकाहरूलाई उनीहरूको मातृभाषामा शिक्षा दिने व्यवस्था मिलाउनु पर्दछ ।

### स्थानीय वातावरण र परम्परागत प्रविधिजन्य ज्ञान प्राप्त गर्न

भाषिक पर्यावरणीय (Language ecology) सिद्धान्तअनुसार मानिसले बोल्ने भाषाको सम्बन्ध आफ्नो परिवेशमा रहेका हावापानी, जीवजन्तु, वनस्पति, खाद्यवस्तु, भौगोलिक परिदृश्य (Landscape) आदि समग्र

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
वातावरण र त्यसमा आफूलाई समायोजन गराउन अपनाइएका विभिन्न तौरतरिकाहरू बिच परस्परमा आश्रित भएर रहेको हुन्छ । हावापानी र वातावरणअनुसार मानिसले आफ्नो जीविकोपार्जनका लागि अनेकौँ किसिमका स्थानीय प्रविधिहरूको विकास गरेको हुन्छ र त्यसलाई पनि आफूले बोल्ने भाषामा नै नामकरण गर्दछ । जहाँ जुन वस्तु प्रचुर मात्रामा उपलब्ध हुन्छ त्यहाँ त्यसलाई बुझाउने नाम शब्दहरू पनि त्यतिकै मात्रामा पाइन्छ ।
भाषावैज्ञानिकहरूकाअनुसार समाजमा रहेको प्राकृतिक सम्पदाले भाषिक स्वरूपमा प्रभाव पारेको हुन्छ । नेपालको तराई, पहाड र हिमालमा पाइने हावापानी, वनस्पति, वन्यजन्तु, फलफूल, खाद्यान्न आदि कुराहरूमा एकरूपता छैन जसले गर्दा मानिसहरूको वेशभूषा, रहनसहन तथा संस्कार–संस्कृतिमा पनि भिन्नता देखिन्छ । यसको सोझो प्रभाव भाषामा झल्किएको पाइन्छ । यसरी

मानिस बसोबास गरेको परिवेशमा रहेका प्राकृतिक वस्तुहरूका आधारमा शब्दभण्डारको विकास भएको पाइन्छ । तसर्थ स्थानीय भाषा लोप भयो भने ती वस्तुहरूसँग सम्बन्धित शब्दहरू हराउँछन् र ती शब्दहरूसँग अन्तर्सम्बन्धित ज्ञानसमेत लोप हुन्छ । भाषाशास्त्री मफी (Maffi, 2000) ले भनेका छन्– "Endangered Languages, Endangered Knowledge, Endangered Environments." भाषा लोप भयो भने ज्ञान पनि लोप हुन्छ, ज्ञान लोप भएमा वातावरण पनि लोप हुन्छ (बहुभाषिक शिक्षा, २०६८, पृ. १७–१८) । यसरी लोक व्यवहारमा प्रचलित यस्ता शब्दभण्डार र परम्परागत रैथाने ज्ञानको स्रोत मानिने मातृभाषाहरूको सम्बन्ध तत्कालीन प्राकृतिक वस्तुहरूसँग रहेको पाइन्छ । स्थानीय परिवेशमा पाइने जडिबुटी औषधीहरू, वनस्पतिजन्य वस्तुहरू तथा विविध खाद्य वस्तुहरूलाई बुझाउने र त्यसलाई प्रयोग गर्ने कार्यप्रणाली वा तौरतरिकासम्बन्धी शब्दभण्डार स्थानीय मातृ भाषाहरूमा नै हुने भएकाले यसको संरक्षणका लागि ती मातृभाषाहरूमा पठनपाठन गरिनु आवश्यक छ । स्थानीय मातृभाषाहरू नै लोप भएमा त्यसमा भएका शब्दभण्डार र यसले बुझाउने स्थानीय प्रविधिजन्य वा परम्परागत रैथाने ज्ञानसमेत मरेर जान्छ । जसले गर्दा पर्यावरणीय प्रभावअनुसार आफूलाई समायोजन गराउने ज्ञानको कमीले मानिसहरूमा आत्मनिर्भरता घटेर जान्छ । मानिसहरू पूर्ण रूपमा परनिर्भर बन्दै जाँदा समुदायमा विभिन्न किसिमका सङ्कटहरू आउन सक्छन् ।

भाषा लोप हुनु वा समृद्ध बन्नुमा राज्यको भूमिका महत्त्वपूर्ण हुन्छ । “भाषाहरू आफैँ लोप हुँदैनन् वा आफैँ मर्दैनन्, तिनलाई मारिन्छन् वा जेनोसाइड (Genocide) गरिन्छन् भन्ने निष्कर्षमा भाषावैज्ञानिकहरू पुगेका छन् । नेपालमा इतिहासको एक कालखण्डमा जानीबुझीकन यहाँका भाषाहरूलाई जेनोसाइड गरियो । राज्यले एकभाषिक नीति लागू गर्‍यो” (पूर्ववत् पृ.) । मातृभाषाहरू लोप हुने मुख्य कारण नै राजनीतिक कारण हो । राज्यले एकभाषिक नीति अवलम्बन गरी जबरजस्ती रूपमा अरू भाषाहरूलाई पछि पार्नु, निर्वाध रूपले मातृभाषाहरूको प्रयोग हुन नदिनु, रोजगार तथा विभिन्न अवसरहरूमा नेपाली मातृभाषीहरूलाई मात्र प्राथमिकता दिनु (अन्य मातृभाषी वक्ताहरूद्वारा नेपाली भाषा बोल्दा उच्चारण, लबज, वाक्यगठन आदिमा हुनजाने स्वाभाविक त्रुटिलाई आधार बनाई अयोग्य ठहर्‍याइनु), विद्यालयहरूमा बालबालिकाहरूले आफ्नो मातृभाषामा पढ्ने र बोल्ने वातावरण नपाउनु आदि कारणहरू सबै राजनीतिक व्यवस्थासँग सम्बन्धित छन् । यसमा राज्यले न्याय गर्न सकेको देखिँदैन ।

स्थानीय वातावरण र परम्परागत प्रविधिजन्य ज्ञानका लागि पनि मातृभाषामा शिक्षा दिनु पर्छ । बालबालिकाको मातृभाषामा कतिपय यस्ता रैथाने ज्ञानका शब्दभण्डार रहेका हुन्छन् जुन अन्य भाषामा नहुन सक्छ । मातृभाषा जातीय पहिचानको प्रमुख आधार पनि हो । अर्को कुरा भाषासँगै संस्कृति पनि त्यही छ । भाषा–संस्कृति भन्ने

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

कुरा कुनै व्यक्ति वा जातिको मात्र नभई सिङ्गो देशको पहिचान हो । यसका लागि राज्यले सबै भाषाहरूलाई उतिकै समान व्यवहार गर्नुपर्छ । भाषाभाषीहरूको जनसङ्ख्याअनुसार कुन भाषा कुनकुन तहमा सम्पर्क भाषा, कामकाजी भाषा, सूचना तथा सञ्चारको भाषा र शिक्षाको भाषा हुन सक्छ त्यसलाई त्यही तहमा प्रयोग गर्ने अवसर दिनुपर्छ ।

**अभिव्यक्तिका निम्ति मात्र नभएर सम्मानजनक जीविकोपार्जन गर्न**

भाषा प्रथमतः विचार विनिमयको साधन हो । मानिसले भाषाकै माध्यमबाट आफ्ना विचारहरू अभिव्यक्त गर्दछन् । यसमा जातीय सभ्यता र संस्कृति पनि निहित हुन्छ; व्यक्तिले यसैमा गौरव र अपनत्व महसुस गरेको हुन्छ । यस किसिमको वातावरण वा परिवेशमा व्यक्तिले आफूलाई सम्मानित भएको अनुभूति गर्दछ र भाषाप्रतिको निष्ठा अझ उच्च स्तरमा रहन्छ । यसरी भाषाले मानिसको सामाजिक जीवनयापनमा अनुकूल वातावरण निर्माण गर्न सहयोग पुऱ्याउँछ । अनुकूल वातावरण प्राप्त भएमा जीवन समृद्घ बन्छ अर्थात् भाषा सहयोगी भएमा व्यक्तिको जीवनमा आर्थिक समृद्घि हासिल हुन्छ । यसरी सम्मानजनक रूपमा जीविकोपार्जनका लागि पनि भाषाको भूमिका अपरिहार्य छ तर आफूले बोल्ने भाषा आधारभूत रूपमा नै सहयोगी हुन सकेन भने जीवकोपार्जनका लागि बाधक बन्दछ । त्यस वेला व्यक्तिले आफूलाई अर्को भाषा–संस्कृतिमा समाहित गर्दछ । यस्तो अवस्थामा पनि उसको पहिलो भाषा–संस्कृतिको अप्रत्यक्ष प्रभाव पर्दछ जसले गर्दा प्रतिस्पर्धात्मक बजारमा समायोजन हुन कठिन पर्छ । यसै कारणले गर्दा उसको जीवनस्तर अझ तल झर्ने खतरा पनि उतिकै हुन्छ । व्यक्ति हरेक अवसरबाट वञ्चित हुन पुग्दछ ।

भाषालाई अभिव्यक्तिको माध्यम मात्र नठानेर पुँजीको रूपमा हेरिनु आजको आवश्यकता हो । भाषिक पुँजीको सिद्धान्तअनुसार भाषालाई अभिव्यक्तिको माध्यम मात्र ठान्नु हुँदैन; भाषा भनेको सभ्यता र संस्कृतिसँग मात्र सम्बन्धित पनि छैन; जातीय पहिचानसँग जोडिएको अभौतिक सम्पत्ति मात्र पनि भाषा होइन । भाषा त आर्थिक उपार्जनसँग जोडिएको महत्त्वपूर्ण विषय पनि हो, यो जीविकोपार्जनका निम्ति साधन हो; यसलाई आर्थिक उपार्जनका निम्ति प्रयोग गर्न सक्नु पर्दछ । कुनै खास भाषा जानेका वा नजानेका कारण व्यक्तिको आर्थिक उपार्जनको क्षमता घटबढ हुनु नै भाषिक पुँजीको सिद्धान्त हो । यस सिद्धान्तले अरू पुँजीसरह भाषिक पुँजीको वितरण पनि समान बनाउन चाहन्छ । अहिले आफ्नो मातृभाषा मात्र बोल्न जानेमा व्यक्तिको आर्थिक उपार्जनमा कुनै टेवा पुग्दैन किनकि विगत लामो समयदेखिको एकभाषिक नीतिले मातृभाषाहरूको प्रयोग औपचारिक रूपमा कहीँ कतै पनि हुन पाएन । सरकारको नीतिअनुसार राज्यको हरेक क्षेत्र र निकायमा जनशक्ति भर्ना गर्दा नेपाली भाषाका माध्यमबाट लिइने परीक्षामा अयोग्य ठहरिएर बहिष्करणमा परेका गैरनेपाली मातृभाषीहरूले राज्यको मूलधारमा समाहित हुने अवसरै पाएनन् । अहिले नेपाली भाषा राम्ररी बोल्न जानेमा कम्तीमा ३५ देखि ५५ हजारसम्मको कमाइ हुने अवसर धेरै हुन्छ तर गैरनेपाली मातृभाषीहरूको पहुँच नै पुग्दैन । यसको प्रमुख कारण भनेको पनि भाषाको माध्यम नै हो । विद्यालयमा प्रारम्भिक कक्षाहरूदेखि नै नेपाली भाषा अनिवार्य गरिएकाले गैरनेपाली मातृभाषी विद्यार्थीहरूका लागि सिकाइ वातावरण सहज बन्न सक्दैन जसले गर्दा अधिकांश बालबालिकाहरू विद्यालय नै छोड्छन् । जसोतसो पढेकाहरूले पनि आफ्नो मातृभाषाको प्रभावका कारण शुद्धसँग नेपाली भाषाको प्रयोग नै गर्न सक्दैनन् र प्रतिस्पर्धात्मक परीक्षामा सफल पनि हुँदैनन् । यो आजको कहालीलाग्दो यथार्थ हो । आफ्नो मातृभाषा मात्र बोल्न जानेर रोजगार पाउन नसकेकाले नेपाली र अङ्ग्रेजी बोल्ने पढ्नेतिर आकर्षण त बढेको छ तर यसको परिणाम अन्ततः नेपाली भाषामा अदक्ष ठहऱ्याइएपछि रोजगारको अवसर प्राप्त नहुँदा यसले वितृष्णा जगाएको छ जसले अवश्य नै द्वन्द्वको स्थिति निम्त्याउँछ । यसको व्यवस्थापनका लागि राज्यले बहुभाषिक नीतिलाई वास्तविक रूपमा नै कार्यान्वयनमा ल्याउनु पर्छ । भाषिक सघनताका आधारमा आधारभूत तहसम्मको शिक्षा मातृभाषामा र स्थानीय निकायहरूमा नेपाली

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

भाषाका साथसाथै अन्य मातृभाषाहरूको प्रयोग भएमा सबै राष्ट्रभाषाहरूको संरक्षण तथा विकासमा केही न केही सहयोग पुग्ने देखिन्छ ।

> सल्यान जिल्लाका नेवार र किरात राई जातिका मानिसहरू बाहुन जातिमा विलय भएका छन् । उनीहरू वंशका दृष्टिले राई र नेवार तर सांस्कृतिक आचरणका दृष्टिले हिन्दू बनेका छन् । आफ्नो जातीय पहिचान गुमाएका जातिहरूको यो जीवन्त दृष्टान्त हो । अन्य बाँकी सम्पूर्ण सीमान्तीकृत आदिवासीहरू जीवनका आधारभूत निर्वाहभन्दा बाहिर निक्लन सकेनन् । यसको अभिप्राय उनीहरूले नेपाली भाषालाई आफ्नो राजनीतिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रको विकासमा उपयोगमा ल्याउन सकेनन् । फलतः उनीहरू आर्थिक विकासको अवसरबाट वञ्चित भएका छन् । धेरै अल्पसङ्ख्यक जातिका बालबालिकाहरू जो पहिलोचोटि विद्यालयमा प्रवेश गर्छन्, उनीहरूले नेपालीभाषी शिक्षकहरूलाई बुझ्न सक्दैनन् । यसरी नौलो माध्यममा शिक्षा आर्जन गर्नु परेकाले उनीहरू पढाइमा असफल हुन्छन् । फलस्वरूप विद्यालय प्रवेशको केही वर्षमा नै धेरैले स्कुल पढ्न छाडेका छन् । यसरी शिक्षाको माध्यम भाषाका कारण सीमान्तकृत बालबालिकाहरू शिक्षाको पहुँचबाट बहिष्करणमा परेका छन् । (राई, २०७३, पृ. १५८)

माथिको सन्दर्भलाई हेर्दा विशेष गरी आदिवासी जनजाति समुदायका मानिसहरूका लागि नेपाली भाषा सामाजिक जीवनयापनमा सहयोगी बन्न सकेको छैन । प्रभावशाली भाषाका कारण आफ्नो भाषा र संस्कृति प्रायः लोप भएपछि उनीहरूको जीवन समृद्घ बन्न नसकेको उदाहरणका रूपमा यसलाई लिन सकिन्छ । यसले भाषा केवल अभिव्यक्तिको साधन मात्र नभएर सम्मानजनक जीविकोपार्जनका लागि अभौतिक पुँजी पनि हो भन्ने कुरा पुष्टि गर्दछ । विगत लामो समयदेखि राज्यको एकभाषिक नीतिका कारण आदिवासी जनजातिका मातृभाषाहरू कुनै पनि तह, निकाय वा क्षेत्रमा प्रयोग गर्न वञ्चित र बन्देज गरिएपछि लोपोन्मुख अवस्थामा पुगेको र दोस्रो भाषाका रूपमा सिकेका नेपाली भाषाको प्रयोग दक्षतापूर्वक गर्न नसकेको अवस्थामा ती मातृभाषी समुदायका विद्यार्थीहरू विद्यालय शिक्षामा नै कमजोर हुन पुगेका छन् जसले गर्दा आर्थिक विकासको अवसर र मुलुकको प्रशासनिक एवं राजनीतिक पहुँचबाट समेत उनीहरू बहिष्करणमा परेका छन् ।

नेपालमा सामुदायिक विद्यालयको शिक्षा नेपाली भाषाका माध्यमबाट सञ्चालन भइरहेको छ । सैद्घान्तिक रूपमा प्राथमिक शिक्षा मातृभाषाको माध्यबाट हुने भनिए तापनि त्यो व्यावहारिक रूपमा लागू गरिएको छैन । त्यसको प्रतिफल थुप्रै केटाकेटीहरूले असमयमै विद्यालय छाडेका छन् । विद्यालय नजाने गैरनेपालीभाषी धेरै छन् । नेपाली भाषामा कमजोर भएकाले उनीहरू राम्ररी बुझ्न सक्दैनन् र विद्यालय जान चाहँदैनन् । सरकारले शिक्षामा यति ठुलो रकम खर्च गरेको छ । त्यसको प्रतिफल नकारात्मक भइरहेको छ । सरकारी बजेट खेर गइरहेको छ । त्यही रकम मातृभाषा शिक्षामा खर्च गर्न सकिन्छ (यादव, कान्तिपुर, २१ जेठ, २०६६, पृ. ७) । प्राथमिक शिक्षा मातृभाषामा दिने व्यवस्था भएमा धेरै हदसम्म ड्रपआउटको समस्या घटेर जान्छ किनकि आफ्नो मातृभाषामा शिक्षण सिकाइ भएमा विद्यार्थीहरूले अभिरुचिका साथ सहभागिता जनाउँछन् र कक्षाकोठामा सिकाइएको पाठप्रति सजिलैसित ठोस धारणा पनि निर्माण गर्न सक्छन् तर विद्यार्थीको मातृभाषा र उसलाई जबरजस्त रूपमा सिकाउन खोजिएको माध्यम भाषाको संरचना नै अलग छ; आधारभूत रूपमा नै वर्ण, शब्दभण्डार र व्याकरण व्यवस्था फरकफरक प्रकृतिको छ जसले गर्दा सिकाइमा बाधा स्वतः देखा पर्दछ । यस्तो अवस्थामा विद्यार्थीहरूले पढाइप्रति धारणा नै बसाल्न सक्दैनन् । एकैचोटि अपरिचित भाषामा दिइने शिक्षा विद्यार्थीहरूका लागि बोझिलो पनि हुन्छ । नेवारीमा ‘त’ वर्ण अनि गुरुङ र तामाङमा ‘ट’ वर्ण नहुने भएकाले उनीहरूलाई ‘त’ र ‘ट’ वर्गका शब्द उच्चारणमा समस्या भएको देखिन्छ । यिनै विविध

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

समस्याले गर्दा नेपाली भाषा सिकाइमा एकरूपता हुँदैन । नेपालका आदिवासी जनजातिहरूले आफूहरू राज्यको हरेक अवसरबाट पछि परेको महसुस गर्नुको मुख्य कारण पनि भाषिक समस्या नै हो (थापा, २०६९, पृ. १४२) ।

भाषा शिक्षणमा हरेक विद्यार्थीको पारिवारिक पृष्ठभूमि तथा सामाजिक–सांस्कृतिक व्यवस्थाले भाषिक संरचनामा पार्ने प्रभावको खोजी गर्नु पर्छ । यसमा भाषिक समुदाय, नाता सम्बन्ध, आदरार्थी व्यवस्था, सामाजिक स्तरको समेत अध्ययन गरी सोहीअनुसार शिक्षण गर्नु पर्छ । बालबालिकाको घरमा प्रयोग भएको भाषा केवल मातृभाषा मात्र होइन त्यसमा उसको संस्कृति पनि छ । मातृभाषाको माध्यमबाट पढाइ भयो भने उनीहरूको सामाजिक–सांस्कृतिक रहनसहन र चालचलन बुझ्नका लागि पनि भाषा सहयोगी हुन्छ ।

**सामाजिक सम्बन्ध र सद्‌भाव अझ बलियो बनाउन**

नेपालको भाषिक परिदृश्यलाई नियालेर हेर्दा मल्ल कालसम्म राज्यले कुनै पनि भाषाभाषीप्रति विभेद गरेको पाइँदैन । प्रताप मल्ल (वि. सं. १६९८—१७३१) स्वयं १४ भाषाका ज्ञाता थिए भनिनुले पनि यस कुराको पुष्टि गर्दछ (राई, असार २०६९ पृ. ८२) । विजित वर्ग वा शासकले राजभाषाका रूपमा सामान्यतः आफ्नै भाषाको प्रयोग गरिआए तापनि अन्य भाषाहरूप्रति समेत त्यत्तिकै सद्‌भावपूर्ण व्यवहार गर्नुलाई प्रशंसनीय कदम मान्न सकिन्छ । यस किसिमको भाषिक व्यवहारले सामाजिक सम्बन्ध र सद्‌भावलाई अझ बलियो बनाउन सहयोग पुऱ्याउँछ ।

बहुभाषा र संस्कृतिमा आधारित समाजमा एकभाषिक शिक्षा प्रणाली प्रयोग गर्नु अरू भाषा तथा संस्कृतिको बेवास्ता गर्नु हो । संसारका अनुभवहरूले मानिसका भाषिक तथा सांस्कृतिक सम्पदाहरूलाई अस्वीकार गर्नु वा दबाउनु नै विभाजन र सङ्घर्षका प्रमुख कारण भएको देखाएका छन् । विद्यालयमा बालबालिकाहरूलाई तिनीहरूले नबोल्ने र नबुझ्ने भाषा प्रयोग गर्न बाध्य पार्नु हुँदैन । यसले उनीहरूलाई समाजका उत्पादनशील सदस्य हुन मद्दत गर्दैन बरु त्यसमा बाधा पुऱ्याउँछ (बहुभाषिक शिक्षा, २०६८, पृ. १२–१३) ।

आधारभूत तहसम्मको शिक्षा मातृभाषामा हुँदा बालबालिकाहरूलाई बुझ्न सजिलो हुन्छ । बालबालिकाले बुझ्ने भाषामा शिक्षण गरियो भने बढी प्रभावकारी पनि हुन्छ । शिक्षा मनोविज्ञानको सिद्धान्तअनुसार जानेको कुराबाट सिकाइ भयो भने बालबालिकाले चाँडै सिक्न सक्छन् । पढाएको कुरा सबैले बुझ्न सक्छन् । यसले सिकारुहरूलाई सिकाइमा सहज हुन्छ तर हाम्रा विद्यालयहरूमा बालबालिकाको मातृभाषामा शिक्षा पाउने अधिकारलाई नारामा मात्र सीमित पारिएको छ । कतिपय विद्यालयहरूमा बालबालिकाहरूले आफ्नो मातृभाषा बोल्ने वातावरण नै पाउँदैनन् । एकैचोटि उनीहरूलाई कि नेपाली भाषाले कि त अङ्ग्रेजीले गाँज्दछ । विद्यालयमा उनीहरूको न त भाषा मिल्छ न त वातावरण नै; त्यसैले विद्यालयप्रति नै उनीहरूमा वितृष्णा पैदा हुन्छ । विद्यालयको वातावरण विद्यार्थीमैत्री नभएपछि समुदायसँगको सम्बन्ध पनि सुमधुर रहिरहन सक्दैन । यसले समाजमा द्वन्द्वको स्थिति निम्त्याउँछ ।

> अहिले जुन द्वन्द्व छ त्यसको मुख्य कारण के हो भने थुप्रै समुदायका कुराहरूलाई हामीले बहिष्कृत गरेका छौँ । उनीहरूको भाषा संस्कृति, पहिरन, रहनसहन सबैलाई हामीले नकारेको हुँदा द्वन्द्व आएको हो । यदि ती कुराहरूलाई लिइयो भने उनीहरूले आफ्नो भाषा संस्कृति, पहिरन, रहनसहनले पनि मान्यता पाएको अनुभूत गर्छन् र उनीहरू राज्यको मूलधारमा समाहित हुन तत्पर हुन्छन् । नेपालीमा मात्र माध्यम हुँदा धेरै भाषिक समुदाय न्यायबाट वञ्चित भएका छन् । ...केन्द्रीय तथ्याङ्क विभागकाअनुसार जम्मा जनसङ्ख्याको ७५ प्रतिशतले मात्र नेपाली भाषा बुझ्छन् । बाँकी २५ प्रतिशत नेपाली भाषा नबुझ्ने जनसङ्ख्या छन् । ...नेपाली

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पटक्कै नबुझ्नेले दोभाषेको मद्दत लिनु पर्ने बाध्यता हुन्छ । उसलाई बढी आर्थिक भार पर्छ । उसको विकासमा बाधा हुन्छ । (यादव, कान्तिपुर, २१ जेठ, २०६६, पृ. ७)

यसरी सामाजिक सम्बन्ध र सद्भाव अझ बलियो बनाउनका लागि राज्यले सबै भाषाभाषीहरूप्रति समान व्यवहार गर्नु पर्दछ । भाषिक विभेद भयो भने आधारभूत रूपमा नै मानवअधिकारको हनन हुन्छ । भाषिक विभेदले सम्बन्धित समुदायको राजनैतिक प्रतिनिधित्व समेत राम्रोसँग हुन सक्दैन; उचित न्याय पाउने अधिकार गुम्छ । शिक्षा, स्वास्थ्य र सूचनामा पहुँच पुग्दैन । नागरिकको वाक् स्वतन्त्रता कुण्ठित हुन्छ । यसले सांस्कृतिक सम्पदाको समेत उचित संरक्षण हुन सक्दैन । स्थानीय प्रशासनमा भाषाको प्रयोग हुनै पाउँदैन । यसले गर्दा सामाजिक सम्बन्धमा असर पर्दछ र द्वन्द्वको स्थिति सिर्जना हुन्छ । कुनै पनि समुदायको विकासका लागि शिक्षा नै महत्त्वपूर्ण कुरा हो । समुदायको शैक्षिक स्तर उकास्नका लागि शिक्षाको माध्यम भाषा त्यही समुदायमा बोलिने भाषा भएमा मात्र प्रभावकारी हुन्छ । समुदायको विकासका लागि उनीहरूको भाषालाई मान्यता दिनुपर्छ । स्थानीय प्रशासनमा पनि बहुभाषिक नीतिले समस्या हुँदैन; हरेक भाषाभाषीहरूको सम्मानजनक प्रतिनिधित्व हुन्छ । उनीहरूको आकाङ्क्षालाई सम्बोधन गरियो भने समुदायमा द्वन्द्व स्वतः समाप्त हुन्छ ।

**नेपालको बहुभाषिक एवं बहुसांस्कृतिक विशेषतालाई बोध गर्न**

बालबालिकाहरूलाई 'एकतामा अनेकता र अनेकतामा एकता : बहुभाषिक नेपालको विशेषता' भन्ने कुराको वास्तविक जानकारीका लागि पनि भाषाको समाजपरक अध्ययनका विषयवस्तुहरू राखिनु पर्छ । यसले गर्दा एकातिर उनीहरूको द्वैभाषिक/बहुभाषिक क्षमताको विकासमा सहयोग पुग्दछ भने अर्कातिर नेपालको बहुभाषिक विशेषतालाई बोध गरी पारस्परिक सहयोगको भावना जागृत हुन्छ ।

सन् १९६२ पछिका अध्ययनहरूले द्विभाषिक/बहुभाषिक बालबालिकाहरूमा संज्ञानात्मक विकास राम्रो भएको निष्कर्ष निकालेको पाइन्छ । बहुभाषिक वातावरणमा हुर्के–बढेका बालबालिकाहरूमा फराकिलो धारणा र लचिलो मानसिकता जस्ता गुणको विकास भएको हुन्छ जसले प्रवर्धनात्मक तथा सङ्गठनात्मक क्षमता वृद्घि गर्न सहयोग पुऱ्याउँदछ । एकभाषिक बालकहरूका तुलनामा द्विभाषिक/बहुभाषिक बालकहरूमा संज्ञानात्मक/बौद्धिक क्षमता उच्च रहेको भेटिन्छ । द्विभाषिकता वा बहुभाषिकताले ज्ञान प्राप्त गर्ने क्षमता, सङ्गठन गर्ने सिप, विचार प्रवाह गर्ने दक्षतामा उत्प्रेरकको काम गरेको पाइन्छ । उनीहरू सामाजीकरण र सिर्जनात्मक क्षमता विकासका दृष्टिले अगाडि हुन्छन् । द्विभाषिकता/बहुभाषिकताले भिन्न–भिन्न भाषिक समुदायका बिच वर्गीय र जातीय समझदारी बढाउन र एकअर्कामा निकटता तथा आत्मीयता वृद्घि गर्न प्रशस्त सहयोग पुऱ्याएको पाइन्छ (अधिकारी, २०६२, पृ. ३८–४०) ।

यसरी बहुभाषिक समुदायमा बालबालिकाहरू बिच एकआपसमा हुने भाषिक–सांस्कृतिक आदान प्रदानले उनीहरूको सामाजीकरणमा सहयोग पुऱ्याउँछ । उनीहरूले यस्ता बहुभाषिक–बहुसांस्कृतिक विशेषताहरू हेर्ने, तुलना गर्ने, भिन्नता छुट्याउने र समग्रमा बुझ्ने गर्दछन् जसले गर्दा एकआपसमा सहअस्तित्वको भावना र सकारात्मक धारणाको विकास हुन्छ । यस किसिमको सुझ र समझदारीले बालबालिकाहरूमा आफ्नो मौलिक भाषा–संस्कृतिको पहिचान गरी त्यसप्रति अपनत्वको भावना विकास गर्न समेत सहयोग पुऱ्याइरहेको हुन्छ ।

नेपालको संविधान २०७२ ले स्पष्टतः बहुभाषिक नीति अवलम्बन गरेको हुँदा मातृभाषा, सम्पर्क भाषा र अन्तर्राष्ट्रिय भाषामा विद्यालय शिक्षाको व्यवस्था गरिनु पर्दछ । आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिनु पर्दछ । त्यसपछि सम्पर्क भाषाका रूपमा नेपाली र अन्तर्राष्ट्रिय भाषाका रूपमा अङ्ग्रेजीलाई लिनु पर्दछ किनकि नेपालको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
सन्दर्भमा विज्ञान प्रविधि, व्यापार वाणिज्य आदिमा अङ्ग्रेजी भाषाको प्रयोग भइरहेको छ । "पपुवा न्युगिनी भन्ने देशमा ९ सय भाषा छन् । यसमध्ये ४ सय भाषामा पढाइ हुन्छ । त्यस्ता देशहरूको प्रयोगले के देखाएको छ भने मातृभाषाका माध्यमबाट यदि प्राथमिक शिक्षा भयो भने पछि गएर गणित, विज्ञान र अङ्ग्रेजीमा ती विद्यार्थीहरूले धेरै राम्रो गरेका छन् । शिक्षामा गुणात्मक वृद्घि भएको छ" (यादव, कान्तिपुर, २१ जेठ, २०६६, पृ. ७) । बहुभाषिक समुदायमा बालबालिकालाई एकभन्दा बढी भाषाको अनुभव हुने हुँदा उनीहरूको सोचाइ र बुझाइमा बढी लचिलोपना आउन सक्ने देखिन्छ । यस्ता अनुभवले भाषाको प्रयोगमा विविधीकरण बढ्ने र समुदायसँग अन्तरक्रियाको क्षेत्र विस्तारसमेत हुने हुँदा समाजलाई हेर्ने दृष्टिकोणमा पनि उदारता बढ्न सक्छ । बालबालिकाहरूमा भाषिक सुझबुझ र व्याकरणात्मक अनुभवका साथै भाषान्तरण गर्ने ज्ञानसमेत प्राप्त हुन्छ । यसले बालबालिकाहरूको सामाजीकरण र बौद्धिक तथा सिर्जनात्मक क्षमताको विकासमा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

यसरी बहुभाषिक एवं बहुसांस्कृतिक विशेषताको बोध गरी भाषिक–सामाजिक सौहार्दता निर्माणमा मातृभाषा शिक्षाले सहयोग पुऱ्याउने देखिन्छ । यसका साथै प्राचीन सभ्यता, सांस्कृतिक उद्भव र विकाससम्बन्धी जानकारीका लागि; परम्परागत रैथाने ज्ञान र संस्कृति हस्तान्तरणका लागि अनि स्वपहिचान, अपनत्व र सहअस्तित्व बोधका लागि पनि मातृभाषामा शिक्षा दिनु पर्छ । आफ्ना बालबालिकाहरूलाई मातृभाषामा शिक्षा दिलाउनका लागि सम्बन्धित मातृभाषी समुदाय, स्थानीय निकाय र अन्य सरोकारवालाहरू सबैले चासो दिई आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।

बहुभाषिक मुलुकमा एकभाषिक नीति विगतमा राजनीतिक कारण थियो । राजनैतिक निरङ्कुशता हुँदा भाषिक निरङ्कुशता पनि स्वतः लागु हुन्छ । यसमा पहाडे, खस वा बाहुन छेत्रीका कारणले भएको हो भन्नु गलत अर्थ लाग्छ । आजको लोकतान्त्रिक युगमा जातिभाषिक स्वपहिचानको खोजी हुनुलाई पनि स्वाभाविक मान्नु पर्छ । राज्यले सबै भाषाभाषीहरूलाई हेर्ने दृष्टिकोण सकारात्मक र समान बनाएमा मात्र नेपाली भाषाप्रतिको उपेक्षा कम हुने देखिन्छ । अहिलेको सन्दर्भमा नेपालीइतर भाषाभाषीहरू सबैले नेपाली भाषाप्रति औलो ठडाउनु पर्ने कारण नै मुख्य रूपमा यही हो । यो अवस्था दमनको सिद्धान्तसँग सम्बन्धित छ । अरूलाई जति दमन गऱ्यो आफूलाई पनि अरूले त्यति नै गर्छ जसको परिणाम द्वन्द्व सिर्जना हुन्छ । त्यसैले सहअस्तित्वको बोध गरी सहभाव र समान सहभागिताका आधारमा अघि बढ्नु पर्छ । भाषालाई राजनीतिसापेक्ष नहेरी समाजसापेक्ष हेरिनु पर्छ ।

## निष्कर्ष

समाजभाषाविज्ञान र भाषा शिक्षण एक आपसमा अन्तर्सम्बन्धित विषय हुन् तर भाषा शिक्षणका सन्दर्भमा समाजभाषाविज्ञानका सैद्घान्तिक मान्यताहरूको अध्ययन विश्लेषण नै गरिँदैन । यसको व्यावहारिक उपयोगिताको खोजी हुँदैन । कक्षाकोठामा विविध मातृभाषी समुदायका बालबालिकाहरू आउँछन् । आफ्नो मातृभाषाको प्रभावका कारण प्रायः उनीहरू धेरैले नेपाली भाषामा बारम्बार त्रुटिहरू गरिरहन्छन् । बोलाइ र लेखाइमा अशुद्ध रूपको प्रयोग गर्छन् । यसमा शिक्षकले विद्यार्थीहरूलाई मात्र एकतर्फी रूपमा कमजोर ठान्छन्; परीक्षामा विद्यार्थीहरू असफल हुन्छन् । यहाँ प्रश्न उठ्छ; विद्यार्थीहरू वास्तविक रूपमा कमजोर भएकाले नै असफल हुन्छन् त ? यसको जबाफ सजिलो छ– होइन; वास्तवमा विद्यार्थीहरू जान्दैनजान्ने अर्थात् कमजोर कहिल्यै हुँदैनन् । यसमा हामीले उनीहरूलाई बुझ्न सकेनौँ अनि बुझाउन पनि जानेनौँ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

अब के गर्ने त ? आफ्नो मातृभाषामा सिकाइएको कुरा बालबालिकाहरूले छिटो अनि राम्ररी बुझ्नसक्ने हुँदा उनीहरूका लागि साना कक्षाहरूमा मातृभाषामा नै शिक्षण गरिनु पर्छ । माथिल्ला कक्षाहरूमा भने नेपाली, अङ्ग्रेजी वा अन्य कुनै सम्पर्क भाषामा शिक्षण गर्दा पनि हुन्छ; उनीहरूले सजिलै बुझ्न सक्छन् किनकि विद्यार्थीहरूको उमेरसँगै मानसिक र भाषिक विकास हुँदै जान्छ । अतः कम्तीमा आधारभूत तहसम्मको शिक्षा बालबालिकाहरूले आफ्नो मातृभाषामा लिन पाउने व्यवस्था हुनुपर्दछ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा नै लागु गर्नुपर्छ । कक्षाकोठामा शिक्षकले आफ्ना विद्यार्थीहरूको वैयक्तिक विभिन्नताको ख्याल गरी सोहीअनुरूप शिक्षण गर्नु पर्छ । उनीहरूको पारिवारिक, भाषिक, सामाजिक–सांस्कृतिक अवस्थाको समेत ख्याल राख्नुपर्छ । नेपालीइतर मातृभाषी विद्यार्थीहरूका लागि दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण गरिनु पर्दछ । शिक्षकहरू सबैमा सबै भाषाको आधारभूत ज्ञान नहुन सक्छ तापनि भाषा शिक्षणका सन्दर्भमा विद्यार्थीहरूको भाषिक–सांस्कृतिक पृष्ठभूमि पहिचान गरी शिक्षण कार्य गरेमा विद्यार्थीहरू असफल हुने सम्भावना अत्यन्त कम हुन्छ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (ते. सं.), रत्न पुस्तक भण्डार ।

थापा, दिनबहादुर (२०६९), *समाजभाषाविज्ञान*, पुस्तक घर प्रा. लि. ।

पाँडे, सरदार भीमबहादुर (फागुन २०७३), त्यसवेलाको दरवार स्कुल–२, *शिक्षक मासिक*, पूर्णाङ्क १०७, ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, जावलाखेल ।

पौडेल, गोविन्दप्रसाद (२०७६), मातृभाषामा शिक्षा कार्यान्वयनको अवस्था, *गोरखापत्र राष्ट्रिय दैनिक*, वैशाख १२, पृ. ५ ।

बहुभाषिक शिक्षा (२०६८), *स्वअध्ययन सामग्री*, नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र ।

यादव, योगेन्द्रप्रसाद (२०६६), बहुभाषिक नीति आवश्यक, *कान्तिपुर राष्ट्रिय दैनिक*, जेठ २१, पृ. ७ ।

राई, ईश्वरकुमार (२०७७), *बान्तावा भाषाको समाजभाषावैज्ञानिक अध्ययन*, विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय, कीर्तिपुर ।

राई, कमलजंग र राई, इन्द्रदेव (२०६६), *हतुवा राज्यको संक्षिप्त इतिहास* (प्रारम्भदेखि सन् १७७३ सम्म), भोजपुर : आदिवासी जनजाति अध्ययन तथा अनुसन्धान केन्द्र ।

राई, कैलाशकुमार (२०७३), ने *पालीभाषी चाम्लिङ समुदायको भाषिक अभिवृत्ति*, विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, कीर्तिपुर ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*